# प्रदेश आर्थिक बुलेटिन

प्रकाशन तथा सम्पादन
वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा

वर्ष १, अंक ६ पुस, २०८२




## सम्पादकीय

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आ.व. २०८२/८३ को पुस महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८२/८३ को पुस महिनासम्म प्रदेशको आन्तरिक राजस्व सङ्कलनमा ४.५८ प्रतिशतले कमी आएको छ भने खर्च समेत घटेको छ। नेपाल सरकारबाट प्रदेशलाई प्राप्तहुने राजस्वमा केही बृद्धि भएतापनि प्रदेशको समग्र आयमा गत वर्ष पुससम्मको तुलनामा केही कमी आऐको छ। पुस महिनासम्म जम्मा आम्दानी ३४.८१ प्रतिशत र खर्च जम्मा १६.६८ प्रतिशत रहेको छ।

## प्रदेश सरकारको आम्दानीः

१. दुई आर्थिक वर्षलाई तुलना गरी हेर्दा आ.व. २०८२/८३ को पुस महिनासम्ममा आन्तरिक आम्दानी तर्फ रु १० करोड ५९ लाख ५४ हजार, संघबाट प्राप्त अनुदानमा रु १६ करोड ५२ हजार, गत वर्षको नगत मौज्दातमा रु ४७ करोड ६७ लाख ९२ हजारले कम आम्दानी भएको छ भने संघबाट प्राप्त हुने राजश्वमा रु ३६ करोड ४१ लाख ३४ हजारले वृद्धि भएतापनि जम्मा आम्दानी रु ३७ करोड ८६ लाख ६५ हजारले कम रहेको छ।

**तालिका १: दुई आ.व. को पुस महिना सम्मको राजश्व प्राप्तिको अवस्था (रु करोडमा)**

| विवरण | आ. ब. २०८१/८२ | | आ.ब. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष | आम्दानी | वार्षिक लक्ष | आम्दानी |
| आन्तरीक आम्दानी | ५१७.०० | १४४.०४ | ५७३.४४ | १३३.४४ |
| संधबाट प्राप्त अनुदान | १३०८.३६ | ५०७.६२ | १२२३.३६ | ४९१.६२ |
| संधबाट प्राप्त रोयल्टी | ४८.१० | ०.०० | २२.४० | ०.०० |
| संधबाट प्राप्त राजश्व | ९६१.१२ | ३८०.५४ | ९७९.२९ | ४१६.९५ |
| आन्तरीक ऋण | १७०.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २९३.२८ | ११८.९७ | २२४.५१ | ७१.२९ |
| जम्मा | ३२९७.८६ | ११५१.१७ | ३१९८.०० | १११३.३० |

**प्रदेश सरकारको खर्चः**

१. विगतका आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्षको यस अवधिमा अपेक्षीत रकम खर्च हुन भने सकेको छैन। प्रदेशको स्रोत प्राप्तिमा आएको संकुचनले खर्च गर्ने क्षमतामा पनि स्वतह रुपमा कमी आएको छ। अघिल्लो आर्थिक वर्षमा पुस महिना सम्मको खर्च यस आर्थिक वर्षमा भन्दा केहि बढी हुन गएको छ। भदौ २३/२४ को जेनजी आन्दोलनबाट बिभिन्न कार्यालय/निकाय तथा मन्त्रालयका भौतिक संरचना, कर्मचारी कार्यकक्ष, मेसिनरी औजार आदिमा भएको क्षतिलाई पुनःनिर्माण तथा व्यवस्थित गर्नको लागि बजेट व्यवस्था भई कार्य सञ्चालन भई रहेको हुँदा आगामी महिनामा भने केही बढी वित्तीय प्रगती हुने देखिन्छ।

२. आर्थिक वर्ष २०८२/८३ को पुस महिना सम्म जम्मा चालू तर्फ रु १ अर्ब ९१ करोड ४६ लाख ९७ हजार र पूँजीगत तर्फ रु २अर्ब ६९ करोड ८४ लाख ९१ मात्र वित्तीय प्रगति भएको छ। सो प्रगति गत आर्थिक वर्षको सोही अवधिको प्रगति संग तुलना गर्दा क्रमशः रु १७ करोड ५९ लाख १३ हजार र रु ६२ करोड २८ लाख ४५ हजार ले कमी हुन आउछ।

३. गत आर्थिक वर्षको पुससम्ममा जम्मा विनियोजनको १९.३६ प्रतिशत खर्च भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा १६.६८ प्रतिशत मात्र खर्च भएको छ।

तालिकाः २ तिन आर्थिक वर्षको खर्च विवरण ( रु हजारमा)

| महिना | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/८१ | | | २०८१/८२ | | | २०८२/८३ | | |
| | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | चालु खर्च | पूँजिगत खर्च | वित्तिय | चालु खर्च | पूँजिगत खर्च | वित्तिय |
| **श्रावण** | २४४८.५० | २६०१३.८४ | 0.00 | १३६२८.०८ | ४९७९१.८३ | 0.00 | १४२१२.५१ | ४३३५५.३५ | 0.00 |
| **भाद्र** | २६२८४८.५६ | ७६२८३७.२७ | 0.00 | ३०४९१०.६८ | ५७८६८९.८७ | 0.00 | ३१९८१०.३० | ५१४६६५.४६ | 0.00 |
| **असोज** | ६९३५३०.८२ | ९३९०२२.०२ | 0.00 | ६४४३६६.०७ | ९७४९३६.७५ | 0.00 | ५८६८८६.७१ | ९७०७७३.६४ | 0.00 |
| **कार्तिक** | २३९८९३.२९ | १३५४५७.०२ | 0.00 | २५००३१.२८ | १४२७०९.१२ | 0.00 | २३३०२२.७७ | ७०६९५.६६ | 0.00 |
| **मंसिर** | २९९६८६.९६ | २६९३९५.११ | 0.00 | ३८८२१९.६९ | ३९०१०८.४३ | 0.00 | ३२०९११.३४ | २३७०४८.२९ | 0.00 |
| **पुस** | ३६८७०६.६३ | ६६९७५५.६५ | 0.00 | ४८९४५४.५२ | ११८५१००.५६ | 0.00 | ४३९८५३.४७ | ८६१९५२.९२ | 0.00 |
| **जम्मा खर्च** | **१८६७११४.७५** | **२८०२४८०.९२** | **0.00** | **२०९०६१०.३३** | **३३२१३३६.५५** | **0.00** | **१९१४६९७.०९** | **२६९८४९१.३१** | **0.00** |
| **विनियोजन** | १०६३१२३८.00 | २०१९०४६२.00 | ५00000.00 | १११५00६0.00 | १९५१७९९३.00 | ३00000.00 | १०६३५६१६.00 | १९०९३३२४.00 | २५0000.00 |
| **खर्च प्रतिशत** | १७.५६ | १३.८८ | 0.00 | | १८.७५ | १७.०२ | १८.00 | १४.१३ | 0.00 |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

४. यसै गरी यस आर्थिक वर्ष र गत दुई आर्थिक वर्षमा स्थानीयतह तर्फ भएको जम्मा निकासा/खर्चमा सबै भन्दा बढी खर्च पुस मसान्त सम्मा आर्थिक वर्ष २०८१/८२ मा भएको छ। यस आर्थिक वर्षको पुसमसान्त सम्मको स्थानीय तह तर्फको खर्च आर्थिक वर्ष २०८०/८१ को भन्दा रु १३ करोड ४८ लाख ८ हजार र आर्थिक वर्ष २०८१/८२ को भन्दा रु २५ करोड ३ लाख ५७ हजारले कम रहेको छ।

तालिकाः ३ तिन आर्थिक वर्षको पुससम्म स्थानीय तह तर्फको खर्च रु हजारमा

| आ.ब | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| **स्थानीय तह** | ८५७२४४.४१ | ९७२७९३.७५ | ७२२४३६.०६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

५. तिन आर्थिक वर्षको पुस मसान्तसम्म विनियोजनको आधारमा खर्च प्रतिशतलाई तुलना गर्दा वित्तीय व्यवस्था तर्फ कुनै पनि रकम खर्च नहुँदा चालु, पूँजीगत र स्थानीय तहमा आर्थिक वर्ष २०८१/८२ मा अन्य आर्थिक वर्ष भन्दा बढी खर्च भएको देखिन्छ।

